# काठमाडौं महानगरपालिकाको

# आर्थिक वर्ष २०७४/७५ को नीति तथा कार्यक्रम

## समृद्ध, सुरक्षित र जीवन्त शहर
## स्वच्छ र सुन्दर, काठमाडौं महानगर ।

ऐतिहासिक संविधानसभाबाट नेपालको संविधान जारी भएपछि गठन भएको पहिलो काठमाडौं महानगर सरकारको आर्थिक वर्ष २०७४।०७५ को नीति तथा कार्यक्रम यस गरिमामय महानगर सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरुमा वलिदानी गर्ने शहीदहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

स्थानीय तहको निर्वाचनबाट गठित महानगर सभाबाट संबिधान प्रदत्त स्थानीय तहमा कार्य गर्न नेतृत्व प्रदान गरेअनुरुप देशको राजधानी शहर यस महानगरपालिकालाई मुलुकको नमूना महानगरपालिकाको रुपमा सुन्दर, समृद्ध, सुरक्षित, स्वच्छ र जीवन्त शहर बनाउने दृढ लक्ष्य लिईएको छ । विश्वकै अद्वितीय, अनुपम साँस्कृतिक तथा भौगोलिक विशेषतायुक्त आर्थिक, राजनीतिक र प्रशासकीय केन्द्रको रुपमा रहेको राजधानी शहर काठमाडौं महानगर साँस्कृतिक सम्पदाको एक जीवित जातीय संग्रहालयको रुपमा विकसित रहेको हुंदा पनि विशेष महत्व राख्दछ । विश्वकै उत्कृष्ट मानिने लिच्छविकालिन र मल्लकालिन वास्तुकलाले भरिपूर्ण यस महानगरमा विश्व सम्पदा सूचिमा रहेको पशुपतिनाथ, स्वयम्भुनाथ, काठमाडौं दरबारक्षेत्र, बौद्धनाथ लगायत सयौंको संख्यामा रहेका बहाल तथा बहिहरु र विभिन्न शैलीमा निर्मित हजारौं मन्दिर तथा चैत्यहरु काठमाडौं महानगरको बेजोड साँस्कृतिक सम्पदाका रुपमा नेपालकै मौलिक शैली र पहिचान बनेर रहेका छन् । देशेमरुभ्र्याले त झन् काठमाडौं मात्रको नभई मुलुककै लागि अलग अन्तर्राष्ट्रिय पहिचान बनाउन सफलता मिलेको छ । यो शहर ऐतिहासिक तथा साँस्कृतिक रुपमा मात्र विशिष्ट नभई आधुनिक विज्ञान प्रविधिको प्रयोग र ज्ञानमा आधारित समाजको रुपमा पनि विकसित हुँदै गएको छ ।

वातावरणीय हिसावले न धेरै गर्मी, नत धेरै जाडो, उपत्यकादेखि हिमालसम्मका दृश्यावलोकन गर्न सकिने प्राकृतिक सौन्दर्यले भरिपूर्ण वातावरण भएको काठमाडौं शहर जुन विश्वमानै मानव बसोवास गर्नका लागि अति उत्तम शहरको रुपमा रहेकोछ । यस प्रकारको विशिष्ट किसिमको विशेषता बोकेको मुलुकको राजधानी शहरको सर्वाङ्गीण विकास र सम्वृद्धि द्रुत गतिमा होस् भन्ने सबैको चाहनाको विषय हो । काठमाडौं शहरलाई शिक्षा, व्यवसाय तथा विभिन्न अवसरहरुले समुन्नत गराउन तथा यहाँको नागरिक हुनुमा गर्ब गर्न लायकको उत्कृष्ट एवं बस्नयोग्य शहर बनाउन र यहाँका बासिन्दाहरु एक आपसमा हातेमालो गर्दै आ–आफनो समुदायलाई सशक्तीकरण गरेर व्यवसाय र बसोबास सँगसँगै गर्ने स्वच्छ, सुन्दर, समृद्ध, सुरक्षित र जीवन्त सहर बनाउने लक्ष्य हासिल गर्न योजनावद्ध विकासको आवश्यकता रहेको छ ।

अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना प्रयासहरुद्वारा यो शहरलाई स्मार्ट सिटीका सबै पक्षहरु जस्तो खानेपानी, फोहोरमैला व्यवस्थापन, उर्जा आपूर्ति, सूचना प्रविधि सञ्जाल, सार्वजनिक यातायात, संस्कृति र सम्पदा संरक्षण र विद्युत्तीय सरकारको अवधारणालाई सम्बोधन गरी अगाडि बढ्नु पर्नेछ । यसको लागि यस आर्थिक बर्षको पहिलो सत्रमा महानगरपालिकाको बीस बर्षे दीर्घकालिन योजना तयार पारिनेछ र यस अन्तर्गत मध्यकालीन र बार्षिक योजनाहरु बनाइनेछन् । दुई दशकपछि भर्खरै स्थानीय तहको निर्वाचन सम्पन्न भएको र नयाँ संविधान अनुरुप नयाँ ढाँचामा संगठन व्यवस्थापन गर्नुपर्ने चुनौती एकातिर हामीसंग छ भने अर्कोतिर तत्काल आगामी बर्षको लागि कार्यक्रम तथा योजना तर्जुमा गरी सो अनुरुप अघि बढ्न आवश्यक छ । तसर्थ आर्थिक बर्ष २०७४।०७५ को नीति तथा कार्यक्रम बनाउँदा यस पक्षलाई मध्यनजर गरी, पछि बन्ने बृहत्तर योजनामा समाहित र सहयोगी हुनेगरी आर्थिक वर्ष २०७४।०७५ का लागि देहायमा उल्लिखित नीति तथा कार्यक्रमहरु अवलम्बन गरिनेछ । यसै नीति तथा कार्यक्रमको अधीनमा रही काठमाडौं महागनरपालिकाको आर्थिक वर्ष २०७४।०७५ को बजेट तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

**कार्यक्रमिक नीतिहरु**

१. काठमाडौं महानगरपालिकाका गतिबिधिहरु आफ्ना जनताका हितमा लोककल्याणकारी अवधारणा र बिकासको क्रममा सामाजिक, आर्थिक र सांस्कृतिक रुपमा पछाडि परेका समुदायहरुलाई प्राथमिकतामा राखी तयार पारिनेछ ।

२. सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले महानगरपालिकाका कार्यहरुमा पारदर्शिता, आर्थिक सुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गरिनेछ ।

३. स्थानीय जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिनेछ ।

४. राष्ट्रको सांस्कृतिक धरोहर मानिने सम्पदा र संस्कृतीलाई सम्बर्धन एवं प्रबर्धन गर्ने नीति मार्फत महानगरपालिकाका कार्यक्रमहरु प्रेरित हुनेछन् ।

५. यस महानगरपालिकाका कार्यक्रमहरु तर्जुमा गर्दा संयुक्त राष्ट्र संघद्वारा पारित दिगो बिकास लक्ष्यअनुरुप हुनेगरी तर्जुमा गर्ने बिशेषतः लक्ष्य नं ११ दिगो शहर र समुदायलाई योगदान पुर्‍याउने नीति लिइनेछ ।

६. महानगरका भौतिक तथा सामाजिक उत्थानका योजनाहरु बनाउँदा बातावरणीय पक्षलाई ध्यान दिईनेछ ।

७. महानगर निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्र जस्ता साझेदार संघसंस्थाहरुको साथ आवश्यक हुने हुनाले सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र बहूलगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ ।

**नीति तथा कार्यक्रम**

**क) सामाजिक विकास एवं समाज कल्याण- हाम्रो दायित्व**

महिला, बालबालिका, बृद्ध-बृद्धा, असाहृय र अपाङ्गता भएका व्यक्तिहरुको हकहित तथा सुविधाका लागि विशेष कार्यक्रम ल्याइने नीति अवलम्वन गरिनेछ । यसका लागिः-

१. सरकारले जेष्ठ नागरिकलाई उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता घर-घरमै उपलब्ध गराईने व्यवस्था मिलाईनेछ । जेष्ठ नागरिकलाई सम्मानस्वरुप महानगरपालिकाबाट सञ्चालन र व्यवस्थापन गरिएका पार्कहरुमा निशुल्क प्रवेशको सेवा उपलब्ध गराईनेछ ।

२. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, पाँचबर्ष मुनिका बालबालिकाहरु, गरिबीको परिचयपत्र प्राप्त गरेका व्यक्तिहरुलाई साझा बसमा र भविष्यमा क्रमशः महानगरबाट सञ्चालित हुने अन्य यातायातमा समेत निःशुल्क सेवाको सुबिधा विस्तार गरिनेछ ।

३. समाजमा पिछडिएका तथा निम्न आय भएका व्यक्तिहरुका लागि सामुदायिक आवास कार्यक्रम निर्माण गर्न बिस्तृत योजना तयार पारिनेछ ।

४. महानगर क्षेत्रमा यस बर्ष प्रत्येक वडामा कम्तिमा एक-एक वटा जेष्ठ नागरिक मनोरन्जन तथा सेवा केन्द्र संचालनमा ल्याइनेछ ।

५. अपांगता भएका व्यक्तिको हक, हित, सुरक्षा, सम्मान र क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ । रातो परिचयपत्र प्राप्त पूर्ण अपांगता भएका व्यक्तिलाई महानगरपालिकाबाट विशेष भत्ताको व्यवस्था गरिनेछ ।

६. महिला, वालवालिका, पिछडिएका बर्ग, शहरी गरिब, सिमान्तकृत, अल्पसंख्यक जस्ता लक्षित वर्गको जीवनस्तरमा सुधार ल्याउन बिशेष कार्यकमहरु सन्चालन गरिनेछ ।

७. सामाजिक समावेशीकरणलाई संबद्ध संघसंस्थाहरुसंग समेत सहकार्य गरी नतिजामुखी बनाईनेछ ।

८. सामाजिक विकासमा गैर सरकारी संस्थाको भुमिका परिभाषित गर्दै गैसससँगको सहकार्य र परिचालन सम्वन्धी मापदण्ड बनाईनेछ ।

**ख) सक्षम युवा, उत्कृष्ट खेलकुद, उपयुक्त रोजगारी हाम्रो जिम्मेवारी**

महानगरपालिकामा उद्यमसिलताको संभाव्यताबारे अध्ययन गरी उत्साही युवाहरुको ज्ञान र सिपको उपयोग गर्दै उनीहरुको क्षमता अभिबृद्धि गर्ने र उनीहरुलाई खेलकूद, रोजगारीको लागि अनुकुल वातावरण निर्माण गर्ने नीति अवलम्वन गरिनेछ । यसका लागिः-

१. नीजि क्षेत्रसंगको सहकार्यमा जनशक्तिको समुचित सदुपयोग गर्न रोजगारीका अवसरहरुको सही तथ्याकं संकलन गरिनेछ ।
२. ज्ञानमा आधारित उद्योग प्रवर्द्धन गरी रोजगारीको सृजना गरिनेछ ।
३. समय सापेक्ष रोजगारीमूलक वातावरण सृजना गर्न प्रथम चरणमा online रोजगार सूचना केन्द्र स्थापना गरिनेछ ।
४. स्वरोजगारीका अवसर सृजना गर्न युवाहरुलाई लक्षीत गरी विभिन्न किसिमका व्यवसायिक तालिमहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ र उद्यमशिलताको विकास गर्न प्रोत्साहन गरिनेछ ।
५. प्रत्येक वडाका युवाहरुलाई सामाजिक कार्यहरुमा संलग्न हुन प्रोत्साहन गर्नुका साथै अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय गरी सो सम्वन्धमा विभिन्न तालिमहरु दिइनेछ ।
६. स्वस्थ जीवनका लागि युवाहरुलाई खेलकुदप्रति आकर्षित गर्न महानगरस्तरीय खेल प्रतियोगिताहरु नियमित रुपमा सञ्चालन गरिनेछ ।
७. युवा उद्यमशीलताको विकास गर्दै बेरोजगारी समस्या समाधान गर्न विशेष कार्यक्रम संचालन गरिनेछ । गृहिणी महिलाहरुका लागि घरमै रोजगारीका कार्यक्रमहरु संचालन गर्न प्रोत्साहन दिइनेछ । यसका लागि सहकारीलाई प्रवर्द्धन गरिनेछ ।
८. मझौला तथा साना व्यवसाय शुरु गर्नेहरुलाई (Start Up) लगानीमैत्री वातावरण निर्माण गर्न विमा आदिको सुविधा मिलाईने छ र यसका लागि आवश्यक पर्ने नियम, विनियमहरु क्रमशः बनाउदै लगिनेछ ।
९. प्रतिभावान खेलाडी र अन्तर्राष्ट्रिय प्रतियोगीतामा विजेता खेलाडीहरुका लागि सम्मानस्वरुप पुरस्कार र नगर यातायातमा निशुल्क यातायात सुविधा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।
१०. युवाहरुलाई दुर्व्यशनीमुक्त बनाउने सचेतनामूलक एवं उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ । युवालाई सामाजिक सेवामा उत्प्रेरित गरी सामाजिक एवं सचेतनामूलक कार्यमा प्रत्येक वडामा स्वयंसेवकहरु परिचालन गरिनेछ ।
११. युवा तथा खेलकुद सम्बन्धी कार्यक्षेत्र भएका संघसंस्था, क्लव, निकाय तथा कम्पनीहरुसंग समन्वय, सहयोग र सहकार्य गरी लक्ष्य हासिल गर्ने कार्यक्रमहरु सन्चालन गरिनेछ ।
१२. युवाहरुको बैदेशिक रोजगारीमा जाने बढ्दो प्रवृतिलाई स्वदेशी उद्यममा आकर्षण गर्न स्वदेशी वस्तुहरुको उत्पादन, प्रवर्द्धन र वजारीकरणलाई प्रोत्साहन गरिनेछ । यसका लागि महानगरपालिका क्षेत्रभित्र विभिन्न स्थानहरुको पहिचान गरि नेपाली बस्तुहरुको रात्रीकालिन बजार संचालनमा ल्याईनेछ ।
१३. व्यायाम र खेलकुदलाई शहरी वासिन्दाको जीवन पद्धति वनाउन वडा वडामा तदनुरुपका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

**ग) जनउपयोगी शिक्षा, सक्षम नागरिक**

बर्तमान शिक्षा प्रणालीमा सुधार गरी गुणस्तरिय, व्यवहारिक तथा व्यवसायिक शिक्षाको विकासमा जोड दिई जनउपयोगी शिक्षा प्रदान गर्ने र सक्षम जनशक्तिको विकास गर्ने शिक्षा नीति अवलम्वन गरिनेछ । यसका लागिः-

१. सामुदायिक विद्यालयको शिक्षाको गुणस्तरमा सुधार गर्ने, मातृभाषामा विद्यालय शिक्षा दिने र आवश्यक शैक्षिक सामाग्री वितरण गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
२. सार्वजनिक शिक्षाको स्तरलाई उन्नत बनाउन विशेष कार्ययोजना अघि बढाइनेछ ।
३. सार्वजनिक शिक्षामा विद्यार्थी र अभिभावकको आकर्षण बृद्धि गर्ने गरी अंग्रेजी शिक्षणभारमा बृद्धि गरिनेछ ।
४. प्राथमिक तहमा मातृभाषाको शिक्षण सिकाईलाई प्रोत्साहन गरिनेछ । काठमाडौं उपत्यकाको आदिबासी नेवार समुदायको स्थानीय भाषा नेपाल भाषाको सम्बर्द्धन र प्रबर्द्धनमा जोड दिईनेछ ।
५. बालबालिकालाई प्राथमिक तह देखिनै सिकाईमा आधारित र असल नागरिक बन्न सहायक हुने प्रकारको शिक्षा जस्तै आफ्नो काम आफै गर्ने, फोहर नगर्ने वा निश्चित स्थानमा मात्र फोहर फाल्ने, ट्राफिक नियमको पालना गर्ने आदिमा जोड दिइनेछ ।
६. माध्यामिक तहसम्मको शिक्षालाई अनिवार्य, निशुल्क र गुणस्तरीय बनाइनेछ । निजी क्षेत्रबाट सञ्चालित विद्यालयको गुणस्तर कायम गर्न नियमित अनुगमन गर्ने संस्थागत व्यवस्था मिलाईनेछ ।
७. काठमाडौं महानगरलाई उच्च शिक्षाको केन्द्रका रुपमा विकास गरिनेछ ।
८. आबश्यकता अनुसारका सामुदायिक विद्यालयहरुलाई मर्जरमा लैजाने र मर्जरबाट जगेडा हुने शिक्षकहरुको दक्षता, शिप, क्षमता विकास गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्नमा प्रभावकारी ढंगले परिचालन गरिनेछ ।

**घ) स्वस्थ नागरिक, स्वस्थ महानगर**

महानगरवासीको स्वास्थ्य अवस्थामा सुधार ल्याउने र सफा, सुन्दर र स्वस्थ महानगर बनाउने नीति अवलम्वन गरिनेछ । यसका लागि:-

१. फोहरको उचित व्यवस्थापन गर्ने, सफा र गुणस्तरिय खाद्य पदार्थको बिक्री वितरण गर्ने व्यवस्था गरिनेछ । जनस्वास्थ्यमा असर पुऱ्याउने र विषालु ग्यांस वा पदार्थ उत्पादन गर्ने मोटर ग्यारेज, कलकारखानाको लगत संकलन गर्ने र त्यसलाई बसोबास क्षेत्र (Residential Area) बाट अन्यत्र सार्न आवश्यक व्यवस्था मिलाइनेछ ।
२. अति विपन्न तथा वरिष्ठ जेष्ठ नागरिकको नियमित एवं निशुल्क स्वास्थ्य परीक्षण सेवाको आवश्यक व्यवस्था मिलाईनेछ ।
३. महानगरवासीहरुको स्वस्थ जीवनका लागि स्वच्छ आहारविहारको सुनिश्चितताको प्रबन्ध गरिनेछ । उपभोक्तामैत्री कानूनहरुको निर्माण गरी लागू गरिनेछ । स्वस्थ जीवनका लागि व्यायामशाला, योगशाला र खेल मैदान आदिको विकास गरिनेछ ।
४. प्रत्येक महानगरवासीका लागि अनिवार्य स्वास्थ्य बिमाको प्रबन्ध गरिनेछ । प्रत्येक वडामा स्वास्थ्य केन्द्रको स्थापना गरी निशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
५. महानगरभित्रका प्रत्येक वडाहरुमा आधुनिक शिशुस्याहार केन्द्र सन्चालन गर्न प्रोत्साहन गरिनेछ ।
६. जनताको स्वास्थ्यसँग प्रत्यक्ष रुपमा सम्बन्धित खाद्यान्नको गुणस्तर कायम गर्न विषादि प्रयोग नभएको गुणस्तरयुक्त खाद्य सामग्रीको मात्र महानगरभित्र आपूर्ति व्यवस्था मिलाउने संस्थागत व्यवस्था गरी अनुगमन तथा कार्वाहीलाई जोड दिईनेछ ।
७. स्वास्थ्य सेवाको गुणस्तर कायम गर्न नियमित रुपमा महानगर क्षेत्रका स्वास्थ्य केन्द्र, अस्पतालको सेवाको गुणस्तर अनुगमन गरिनेछ । शहरी स्वास्थ्य प्रवर्द्धन गर्न सामुदायिक अस्पतालसँग सहयोग, समन्वय र साझेदारी गरिनेछ ।
८. सामुदायिक स्वास्थ्य केन्द्र (क्लिनिक) प्रवर्द्धन गर्दै निशुल्क स्वास्थ्य परीक्षण सेवा सन्चालन गर्ने तथा सरकारले तोकेबमोजिमको औषधी निःशुल्क वितरण गरिनेछ ।
९. आम नागरिकसँग सरोकार राख्ने आधारभूत वस्तु तथा सेवाको आपूर्ति र गुणस्तर कायम गर्न स्थानीय बजार व्यवस्थापन सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।
१०. महानगरक्षेत्रभित्र पशुपंक्षी तथा कुकुर पालनसम्बन्धी नियमन, स्वास्थ्य सम्बन्धी मापदण्ड, कार्यक्रम बनाई लागू गरिनेछ ।
११. शहरी स्वास्थ्य सेवालाई स्तरिय, प्रभावकारी र पहुंचयोग्य बनाउन ठोस योजना बनाई कार्यान्वयन गरिनेछ ।
१२. खाद्य, पेय तथा मासुजन्य पदार्थको गुणस्तर कायम गरी जनस्वास्थ्यमा उल्लेख्य सुधार ल्याईनेछ ।
१३. महिला स्वास्थ्य स्वयंसेविका मार्फत प्रदान गरिदै आएको सेवालाई अझ विस्तार गरि यसको प्रभावकारीता अभिबृद्धि गरिनेछ । साथै हालसम्म महिला स्वास्थ्य स्वयंसेविकाले गरेको योगदानको कदर गर्दै उनीहरुले हाल पाईरहेको प्रोत्साहन भत्तामा उल्लेख्य बृद्धि गरिनेछ ।

**ङ) स्थानीय सरकार, पूर्वाधार विकासको आधार**

महानगरलाई अन्तर्राष्ट्रिय स्तरको महानगर बनाउन आवश्यक पर्ने पूर्वाधारको योजनाबद्ध विकास गर्ने नीति अवलम्वन गरिनेछ । यसका लागि:-

१. राजधानी शहर रहेको काठमाडौं महानगरपालिकाको प्रतिष्ठा झल्कने स्वरुपको गौरब गर्न लायकको केन्द्रीय कार्यालय भवन, त्यस्तै प्रकृतिका वडा कार्यालय भवनहरु बनाउदै ३ वर्ष भित्रमा सबै कार्यालय आफ्नै कार्यालय भवनबाट सन्चालन हुने प्रवन्ध गरिनेछ ।
२. हचुवाको भरमा गरिने बिकास निर्माणको कार्यलाई अन्त्य गरी काठमाडौं महानगरको २० बर्षे बिकास योजना तयार पारिने छ । यस बृहत्तर योजना बमोजिम ५ बर्षे आवधिक योजना समेत निर्माण गरिनेछ । यसै योजनाको आधारमा वडादेखि केन्द्रसम्मका बिकास र व्यवस्थापनका कार्यहरु अघि बढाइनेछ । यी योजनाहरु तयार गर्न तथा कार्यान्वयन गराउनका लागि शहरी बिज्ञहरु सम्मिलित महानगर शहरी योजना आयोग गठन गरिनेछ ।
३. शहरी बिकासका योजनाहरुलाई महानगर तह, क्षेत्रगत तह र वडा तह गरी तीन तहमा निर्माण गरिनेछ ।
४. वडास्तरको बिकास निर्माणको कार्यमा स्थानीय समुदायको व्यापक सहभागिता र प्रतिस्पर्धा सृजना गर्न स्थानीय टोल सुधार समितिहरु मार्फत गरिने कार्यहरु पहिचान गरी ती कार्यहरु जनस्तरबाट गर्ने व्यवस्था मिलाइने छ । टोल

सुधार समितिहरुको सहकार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन आबश्यक मापदण्ड तयार गरी उनीहरुको काममा कटिबद्धत्ता, पारदर्शिता तथा समावेशिता आदिका आधारमा मुल्याँकन गरी पुरस्कृत गर्ने योजना ल्याइनेछ।

५. भूउपयोग नीति तर्जुमा गर्न आवश्यक तथ्याकंहरु संकलन तथा अध्ययन गरी आवश्यक योजनाहरु ल्याईनेछ।
६. महानगर क्षेत्रमा आवश्यक संख्यामा सडक बत्ती तथा आधुनिक आकाशे पुलहरु निर्माण गरिनेछ।
७. रानीपोखरी, काष्ठमण्डप तथा धरहराको पुनःनिर्माण कार्य द्रुत गतिमा अगाडि वढाइनेछ।
८. सरकारी सम्बद्ध निकायको सहयोग समेत लिई महानगरको सुकुम्बासी समस्या समाधान गर्न आवश्यक कदम चालिनेछ।
९. वडाबाट प्रवाह हुने विकास निर्माण तथा अन्य कार्यलाई थप प्रभावकारी बनाउन वडामा जनसंख्या, भूगोल र भौतिक बिकासको अवस्थाका आधारमा बजेट विनियोजन गरिनेछ।
१०. विभिन्न ठाउँमा स्थानीय कला र संस्कृति झल्कीने स्कल्प्चरहरु, ठाउँ ठाउँमा फाउण्टेन तथा सडक बत्तीको निर्माण गरिनेछ।
११. काठमाडौं महानगरभित्र विभिन्न भागमा ठूला ठूला इभेन्टहरु गर्न मेगा हलहरु निर्माणको शुरुवात गरिनेछ। महानगरलाई व्यापारिक, शैक्षिक, सांस्कृतिक तथा मेडिकल हब र पर्यटकीय केन्द्रको रुपमा विकास गरिनेछ।
१२. महानगर क्षेत्रमा केवल, विद्युत र टेलिफोन तारलाई व्यवस्थित गरिनेछ। विद्युतीय तारहरु, टेलिकमका तारहरु लगायत अन्य तारहरुलाई सम्भव भएसम्म जमिनमुनि विछ्याइनेछ।
१३. महानगर क्षेत्रभित्रको सरकारी, सार्वजनिक तथा पर्ति जग्गाको अतिक्रमण रोकी संरक्षण गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। यस्ता सार्वजनिक जग्गाहरुमा बालउद्यान, स्मार्ट यूथपार्क, फेमिलीपार्क, योगापार्क तथा जेष्ठ नागरिक पार्कहरु निर्माण गरिनेछ।
१४. सार्वजनिक ठाउँमा रहेका पोखरीहरुको संरक्षण गरी पर्यटकीय आकर्षणको क्षेत्र बनाईनेछ।
१५. महानगरपालिकामा निर्माण गरिने ढलहरुलाई बर्गिकृत गरी बर्षेपानी ढल (Storm Water Drain) र सेवरेज (Sewerage) ढलको रुपमा छुट्याइ सन्चालन गरिनेछ। यस कार्यमा सम्बन्धित अन्य निकायहरुको समन्वयमा कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ।
१६. आर्थिक तथा समाजिक न्यायमा आधारित नमुना सहर बनाउन, आर्थिक समृद्धिको ढोका खोल्न लगानीमैत्री वातावरण बनाइनेछ।
१७. काठमाडौं महानगरभित्र संचालित होटेल, रेष्टुरां, सपिंगमलहरु, डे/नाइट मार्केटहरुलाई प्रोत्साहन दिई काठमाडौंलाई जीवन्त शहरको रुपमा विकास गरिनेछ। आर्थिक तथा पर्यटन क्षेत्रमा योगदान दिने त्यस्ता क्षेत्रहरुलाई विहान ७ बजेदेखि राती ११ बजेसम्म सेवा सञ्चालन गर्नका लागि आवश्यक प्रवन्ध गरिनेछ।
१८. काठमाडौं महानगरको समष्टिगत विकासका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोगहरु आकर्षित गर्न थप योजनाहरु ल्याईनेछ।
१९. काठमाडौं उपत्यकाका अन्य नगरपालिकाहरुसंगको सहकार्यमा उपत्यका एकीकृत विकास कार्यक्रम अघि बढाइनेछ र उपत्यकालाई एउटा सिङ्गो समृद्ध शहरका रुपमा विकास गरिनेछ। यसका लागि नगर-नगर साझेदारी कार्यक्रम संचालन गरिनेछ।
२०. महानगरक्षेत्रभित्र निर्माण गरिने भौतिक पूर्वाधारहरु अपांगमैत्री, वातावरणमैत्री र लैगिकमैत्री बनाईनेछ।
२१. काठमाडौं महानगरपालिकाद्वारा संचालित जग्गा एकीकरण आयोजनाहरु सिघ्र सम्पन्न गर्न विषेश जोड दिईनेछ। नयाँबजार जग्गा एकीकिरण आयोजनाका बाँकी काम सम्पन्न गर्ने जिम्मा चमःती जग्गा एकीकरण आयोजनालाई दिई नयाँबजार जग्गा एकीकरण आयोजना बन्द गरिने छ।
२२. काठमाडौं महानगरपालिकाद्वारा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार सञ्चालित परियोजनाहरुको अध्ययन मूल्यांकन गरि आवश्यक सुधार तथा पुनरावलोकन गरिनेछ।
२३. काठमाडौं महानगरपालिका क्षेत्रभित्रका बसपार्क, बसस्टेशनहरुको स्तरोन्नती, विकास तथा आधुनिकीकरण गरिनेछ।

**च) हाम्रो आवास, मौलिक र सुरक्षित आवास**

काठमाडौंलाई सुन्दर र सुरक्षित महानगरको रुपमा विकास गर्न विद्यमान भवन निर्माण सम्वन्धी मापदण्डमा समयानुकुल परिमार्जन गरी निर्मित संरचनाको नियमन गर्ने र नयाँ निर्माण हुने संरचनामा भवन मापदण्ड कडाईका साथ कार्यान्वयन गरिने नीति अवलम्वन गरिनेछ। यसका लागिः-

१. भवन निर्माण गर्ने स्थल, जग्गाको क्षेत्रफल, सडकको चौडाई, जग्गाको चलनचल्तिको मुल्य र भवन उपयोगको प्रकृतिको आधारमा भवन निर्माण ईजाजत दस्तुरलाई पुनराबलोकन गरिनेछ । भवन निर्माण प्रक्रियालाई अझ सरल, सहज, प्रभावकारी र दस्तुरलाई न्यायोचित बनाउन १ महिना भित्रमा भवन निर्माण मापदण्ड तयार गरी लागू गर्ने व्यवस्था मिलाईनेछ ।
२. Electronic Building Permit System लाई पूर्ण रुपमा Digital Signature समेतको प्रयोग गरी सबै वडामा प्रभावकारी कार्यान्वयन गरिने छ ।
३. Land Use Plan/ Risk Sensitive Land Use Plan तयार गरी काठमाडौं महानगर क्षेत्रभित्रको बस्ति सुरक्षित र बैज्ञानिक बनाईनेछ ।
४. भवन निर्माण ईजाजत बिपरित निर्माण भएका तथा स्वीकृति लिईएको भन्दा बिपरित प्रयोजनमा प्रयोग गरिएका भवनहरुको स्थलगत बिवरण संकलन गरी जमिनको क्षेत्रफल, भवनको सवलता, सुरक्षा आदि पक्षको बिश्लेषण गरी के कुन प्रयोजनमा कुन हदसम्म भवन यथावत कायम राखी उपयोग गर्न सकिने हो प्राबिधिक रुपमा यकिन गरी त्यस्ता भवनहरुलाई निश्चित मापदण्डको आधारमा नियमित र प्रमाणिकरण गरिनेछ ।
५. काठमाडौ महानगर क्षेत्रभित्र निर्माण गरिने भवनहरुको निर्माण कार्य गुणस्तरिय, भुकम्प प्रतिरोधी र मापदण्ड अनुसार गर्न तथा निर्माण कार्यमा संलग्न ब्यवसायी एवम् मजदुरहरुको सुरक्षा समेतलाई समावेश गरी निर्माण निर्देशिका तयार गरी लागू गरिने छ ।
६. भवन निर्माण मापदण्डमा परिमार्जन गरी जनसहभागितामा आधारित हाउस पुलिंगको माध्यमवाट एकीकृत बस्ती विकास गरिनेछ । यसरी हाउस पुलिगं गर्दा परम्परादेखि कायम भइआएका खुल्ला क्षेत्रहरुलाई यथास्थानमा राखी बिल्डीगं फुटप्रिण्टलाई कायमै राखिनेछ । महानगरका कला, संस्कृति सुहाउँदो डिजाईनमा सुरक्षित आवासीय कम्प्लेक्सहरु निर्माण गरिनेछ ।
७. भूकम्पीय जोखीमलाई न्यूनिकरण गर्न भवन संहितालाई परिमार्जन गरिनेछ । परम्परागत बस्तीहरुमा सम्पदा बस्तीका मापदण्डहरु उपयोगमा ल्याइनेछ ।
८. संस्थागत भवन, अस्पताल, बिद्यालय तथा ब्यापारिक भवनहरुमा अनिवार्य रुपमा सोलार इनर्जी प्रयोग गर्न लगाईनेछ । साथै नयाँ बन्ने भवनहरुमा नेचुरल लाईटको व्यवस्था गर्नुपर्ने कुरामा जोड दिईनेछ ।
९. शहरमा हुने अवाञ्छित गतिबिधिहरु नियन्त्रण गर्न महानगरमा सिसिटीभी सहितको सुरक्षा योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
१०. स्मार्ट सिटीको अवधारणालाई मूर्त रुप दिन काठमाडौं महानगरपालिकाको प्रत्येक घरको कम्पाउण्ड वाल निर्माण कार्यलाई निरुत्साहित गर्दै उक्त क्षेत्र हरियाली प्रवर्द्धन र शहरी सौन्दर्यमा रुपान्तरण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

**छ) हाम्रो काठमाडौं, उज्यालो काठमाडौं**

महानगरपालिका क्षेत्रलाई अध्यारोबाट मुक्ति दिलाई उज्यालो काठमाडौं शहर बनाउने नीति अवलम्वन गरिनेछ । यसका लागिः-

१. सडक बत्ती, सार्वजनिक स्थल, सम्पदा क्षेत्र आदिमा सौर्य उर्जाको व्यवस्था गरी झिलीमिली सहर बनाउने व्यवस्था मिलाईनेछ ।
२. विजुली बत्ती यूटिलिटीलाई काठमाडौं महानगरको अधिकार क्षेत्रभित्र ल्याई स्मार्ट मिटर जडान गर्ने अभियान सुरुवात गरिनेछ ।
३. बिश्व सम्पदा सूचिमा सुचिकृत पशुपतिनाथ, बौद्धनाथ, स्वयम्भुनाथ र हनुमानढोका दरवारक्षेत्र लगायतका मठ मन्दिर, गुम्वा, बहाल, बही, ननी, चोक, घाट आदि क्षेत्रहरुमा सोलार बत्तिको ब्यवस्था गरिनेछ ।

**ज) सहज, सुलभ, सुरक्षित र व्यवस्थित शहरी यातायातः**

महानगरपालिकाको यातायात व्यवस्थालाई सहज, सुलभ, सुरक्षित र व्यवस्थित बनाउने नीति अवलम्वन गरिनेछ । यसका लागिः-

१. निजी तथा साना सवारी साधनहरुको प्रयोगलाई निरुत्साहित गरी महानगरबासीलाई सार्वजनिक यातायातको अधिकतम उपयोग गर्न हाल बिश्वव्यापी रुपमा चलनचल्तीमा आएका सुविधायुक्त ठूला बसहरुको प्रयोग, बस

र्‍यापिड टान्जिट (BRT), मोनो रेल, सिटी केवल कार, ट्राम, र मेट्रो जस्ता बिभिन्न प्रकारका बिकल्पहरुको अध्ययन गरी उपयुक्त र बृहत्तर शहरी यातायात योजना बनाई लागू गरिनेछ ।

२. वातावरण संरक्षणमा जोड दिंदै महानगर क्षेत्रमा विद्युतीय यातायातका साधनलाई प्रवर्द्धन गरिनेछ ।
३. साइकल सिटीको सोंच अनुरुप काठमाडौंलाई साइकलमैत्री शहर बनाउन साइकल सिटी गुरुयोजना तयार पारिनेछ । यस कार्यक्रमले महानगर क्षेत्रभित्र साइकल संजालको योजना बनाउनुको साथै छिमेकी नगरपालिकाहरुसंग समन्वय गरी बृहत्तर साइकल संजाल प्रस्ताव तयार पारी आबश्यक ठाउँमा स्मार्ट साइकल पार्किङ स्टेशन निर्माण गरिनेछ ।
४. साइकल सिटीको सोंच अनुरुप बागमती नदीको किनारमा पशुपतिदेखि टेकूसम्मको खोला किनार, बिष्णुमती नदी किनार र चक्रपथको ग्रिनवेल्टमा छुट्टै साइकल लेनको बिस्तार गरी सुरक्षित साइकल सवारी कार्यको शुरुवात गरिनेछ ।
५. भित्री शहरलाई बस्न लायक बनाउन हालको गाडीको निर्वाध आवागमनलाई नियमन र नियन्त्रण गरी निश्चित समयमा मालवाहक साधनहरुको आवागमनमा रोक लगाई शुरुवातको रुपमा ठमेल क्षेत्रबाट पैदलक्षेत्र बिस्तार गर्दै लगिनेछ । यो बर्ष आवश्यक पूर्वाधारहरु निर्माण गर्नुका साथै जनचेतनाका कार्यक्रमहरु अगाडि ल्याइनेछ ।
६. महानगर क्षेत्रभित्रको ट्राफिक व्यवस्थालाई चुस्त दुरुस्त बनाउन ट्राफिक नियमको कडाइका साथ कार्यान्वयनमा सम्वन्धित निकायलाई अभिप्रेरित गरिनेछ । साथै बर्तमान अनियन्त्रित र अव्यवस्थित पार्किङ व्यवस्थालाई सुधार गरी व्यवस्थित बनाईनेछ ।
७. काठमाडौं महानगर क्षेत्रभित्र स्मार्ट पार्किङको व्यवस्था गरिनेछ । शहरका विभिन्न ठाउँम स्मार्ट “भर्टिकल कार पार्किङ” र अण्डरग्राउण्ड पार्किङको व्यवस्था गरिनेछ । यी कार्यहरु भित्री सहरको लागी तयार पारिने बृहत्तर यातायात योजना अनुरुप निर्देशित हुनेछन् ।
८. सडक बिस्तार कार्य गर्दा पैदलयात्रीहरुलाई प्राथमिकतामा राखिनेछ । भित्री शहरी सडकहरु पैदलयात्रीमैत्री बनाईनेछन् । सडकको चौडाई अनुसार प्रत्येक बाटोमा फुटपाथलाई प्राथमिकता दिइनेछ । हाल भइरहेका फुटपाथहरुको अवस्थाको अध्ययन गरी सुधारका योजनाहरु बनाइनेछ ।
९. महानगरपालिकाका विभिन्न सडक र चोकहरुमा स्मार्ट स्ट्रिट साईन र ट्राफिक साईनहरु राखी ट्राफिक व्यवस्थापनमा प्रभावकारिता ल्याईनेछ ।
१०. यात्रुलाई समयमै गन्तव्यमा पुग्ने सुनिश्चितताको लागि सार्वजनिक सवारी साधन सञ्चालन मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।
११. काठमाडौं उपत्यका भित्रिने ठूला सवारी साधनहरुलाई  उपत्यकाका अन्य नगरपालिकाका खुला जमिनहरुमा पार्किगं गर्न क्रमशः सटल बस पार्कहरु बनाउन समन्वय र सहकार्य गरिनेछ ।
१२. काठमाडौं महानगरक्षेत्रभित्र पेट्रोल पम्पहरु निर्माण तथा सन्चालन सम्बन्धी मापदण्ड बनाई लागू गरिनेछ । साथै हाल सन्चालनमा रहेका पेट्रोल पम्पहरुलाई मापदण्ड अनुकुल स्तरबृद्धि गरी Smart Petrol Pump मा परिवर्तन गरिनेछ ।

**झ) हाम्रो मातृभाषा, हाम्रो गौरबः**

स्थानीय भाषाको संरक्षण, प्रवर्द्धन र विकास गर्ने नीति अवलम्वन गरिनेछ । यसका लागिः-

१. काठमाडौंका आदिवासी नेवार समुदायको भाषा संस्कृतिमा टेवा पुगोस् भन्ने हेतुले मंका दबु छें निर्माण गरिनेछ ।
२. स्थानीय नेपाल भाषाको प्रवर्द्धनका लागि यस क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने श्रष्टा सम्मान महानगर साहित्य पुरस्कार कोष स्थापना गरी बार्षिक रुपमा पुरस्कार दिईने व्यवस्था गरिनेछ ।
३. नेपाल भाषा तथा संस्कृति संरक्षण कार्यमा संलग्न संस्थाहरुवाट गरिदै आएको बिकास र बिस्तार कार्यलाई प्रोत्साहन गर्न आवश्यक अनुदान दिइनेछ । नेपाल भाषा तथा रञ्जना लिपीको विकासको लागि यस भाषा तथा लिपिमा प्रकाशित पत्रपत्रिकाको उत्थान र प्रबर्द्धन गर्न आर्थिक सहयोग गरिनेछ ।
४. स्थानीय भाषा, साहित्य संरक्षण र प्रवर्द्धन गरी मातृभाषा हाम्रो गौरब भन्ने नारालाई आत्मसात गर्दै नेपाल भाषालाई कामकाजी भाषाको रुपमा कार्यान्वयन गर्न आवश्यकता अनुसारको नेपाल भाषाको डेस्कहरु निर्माण गरिनेछ ।
५. नेपाल भाषा सार्वजनिक पुस्तकालय संचालन गर्न आवश्यक सहयोग तथा प्रोत्साहन गरिनेछ । साथै विद्यालयस्तरीय नेपाल भाषा साहीत्यिक गतिविधिहरु सञ्चालन गर्न प्रोत्साहन दिईनेछ ।
६. काठमाडौं महानगरको स्थानीय आदीवासीहरुको भाषा साहित्य उत्थानका लागि अन्य आवश्यक कार्यक्रमहरु ल्याईनेछ ।

**ञ) हाम्रो संस्कृति र सम्पदा, पर्यटकका लागि चिनारी रहन्छ सदा सदा**

स्थानीय संस्कृति र संपदाको विकासको लागि संस्कृती संरक्षण, सम्बर्धन तथा प्रवर्धन गर्ने ठोस नीति अवलम्वन गरिनेछ। यसका लागिः-

१. काठमाडौं महानगरपालिकाभित्रका सांस्कृतिक चाड, पर्व तथा चलनहरुको इन्भेन्ट्री बनाई अभिलेख तयार पारीनेछ।
२. काठमाडौं महानगरका स्थानीय समुदायका जात्रा, पर्व र अन्य सांस्कृतिक क्रियाकलापहरुलाई संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक सहयोग गरिनेछ।
३. काठमाडौं महानगर क्षेत्रभित्र रहेको सयौं बर्ष पूराना विहारहरुको संरक्षण तथा प्रवर्द्धन गर्न 'विहार संरक्षण तथा सम्बर्द्धन समिति' गठन गरिनेछ। विशेष गरी पर्यटकीय तथा सांस्कृतिक दृष्टिले ती विहारहरुमा हुने सांस्कृतिक गतिविधिहरुलाई जीवन्त राख्न आवश्यक प्रोत्साहन दिइनेछ।
४. गत भूकम्पमा भत्केका सम्पदाहरुको लगत तयार गरी पुनःनिर्माणको कार्ययोजना तत्काल तयार गरिनेछ। काष्ठमण्डपको निर्माणमा महानगरपालिकाको आफ्नै श्रोत साधन र नेपाली जनताको सहयोग परिचालन गरिनेछ।
५. महानगरस्तरीय सांस्कृतिक संग्रहालयको निर्माण गरिनेछ।
६. शोभा भगवती, इन्द्रायणी क्षेत्र, कंकेश्वरी क्षेत्र, पचली क्षेत्र आदि धार्मिक र साँस्कृतिक क्षेत्रहरुको बृहत्तर बिकास योजना बनाई कार्यान्वयन गरिनेछ।
७. पर्यटकहरुलाई थप आकर्षित गर्न हनुमानढोका दरवार स्क्वायर क्षेत्रमा विभिन्न सांस्कृतिक कार्यक्रमहरु निरन्तर रुपमा संचालन गर्ने व्यवस्था मिलाईनेछ।
८. पर्यटकहरुको मौलिक बस्ती भ्रमण प्याकेज निर्माण गरी सम्बन्धित व्यवसायी मार्फत व्यापकता दिलाइनेछ।
९. महानगर क्षेत्रभित्र रहेका सार्वजनिक जग्गा, डबली, सत्तल, पाटी, पौवा, मठमन्दिर, दाहसंस्कार गर्ने स्थल, क्रिया बस्ने ठाउँ आदिको संरक्षण गरिनेछ।
१०. काठमाडौं उपत्यकाको सम्पदाको रुपमा रहेको बागमति, विष्णुमति, धोबीखोला लगायतका नदीहरुलाई अतिक्रमण मुक्त गरी सफा र सुन्दर बनाइनेछ। नदी किनारमा सम्पदामार्ग निर्माण गरिनेछ।
११. महानगर क्षेत्रभित्र रहेका ऐतिहासिक पोखरी तथा ढुंगेधाराहरुको तथ्याकं संकलन गरी संरक्षण र विकास गरिनेछ।
१२. विभिन्न टोलमा रहेको बाजागाजा, गुठी परम्परा तथा विभिन्न सांस्कृतिक महत्वका विषयहरुलाई प्रोत्साहन दिने, संरक्षण गर्ने तथा समय अनुरुप विकास गर्दै लान उत्प्रेरित गरिनेछ।
१३. म्हेपी मन्दिर परिसरको बहूआयामिक उपयोगको योजना बनाई कार्यान्वयन गर्न आवश्यक सहयोग गरिनेछ।
१४. छिमेकी नगरपालिकाहरुसंग पनि सहकार्य गर्ने हेतुले यस बर्ष टोखा नगरपालिकालाई उक्त नगरपालिकामा रहेको झोर झरना र उक्त झरनासंगै रहेको गुफामा रहेको बौडेश्वर महादेव क्षेत्रलाई सांस्कृतिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न आर्थिक तथा प्राविधिक सहयोग गरिनेछ।
१५. महानगरपालिका क्षेत्रमा रहेका स्वयम्भुनाथ, बौद्धनाथ आदि धार्मिक एवं पर्यटकीय स्थलको प्रभावकारी संरक्षण, प्रवर्द्धन र विकासका लागि उक्त पर्यटकीय स्थलहरु काठमाडौं महानगरपालिकामार्फत सञ्चालन र व्यवस्थापन गर्न आवश्यक प्रवन्ध मिलाइनेछ। साथै काठमाडौं महानगरक्षेत्र भित्र रहेका अन्य सांस्कृतिक, धार्मिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको व्यवस्थापन काठमाडौं महानगरपालिका मार्फत गर्ने अधिकार प्राप्त गर्न पहल गरिने छ।
१६. महानगर क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक महत्वका स्थानहरु समाविष्ट नयाँ सम्पदा मार्गको सम्बन्धमा अध्ययन गरी थप सम्पदा मार्गहरुको पहिचान गरी पर्यटन विकासमा सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।
१७. Build Back Better (BBB) को अवधारणा बमोजिम भुकम्पबाट क्षति भएका मूर्त सम्पदाको पुर्ननिर्माण गरिनेछ।
१८. काठमाडौंका अझै पनि सम्पदाको संरक्षण भइरहेका ठाउँहरुलाई सम्पदावस्ती घोषणा गरिनेछ र यहाँका सम्पदालाई पुर्नजाग्रित र पुर्नस्थापित गरिनेछ। सम्पदा वरपरका वस्तीहरुलाई सम्पदावस्तीका रुपमा संरक्षण र विकास गरिनेछ।
१९. काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेका राजनैतिक, सामाजिक तथा ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण तर हाल चर्चामा नरहेका स्थानहरुको पहिचान गरि त्यस्ता क्षेत्रहरुको संरक्षण, सम्वर्द्धन र प्रचार गरिनेछ। यसक्रममा यस आवमा नयाँ सडकमा रहेको साहित्यको विम्व र राजनीतिको केन्द्रका रुपमा प्रसिद्धि पाएको पिपलवोटको संरक्षण गरिनेछ।

**ट) सफल महानगरका लागि सुशासन**

महानगरपालिकाको कार्य सञ्चालन र प्रशासनिक कार्यलाई छिटो, छरितो, प्रभावकारी, पहुँचयोग्य, पारदर्शी, भ्रष्टाचारमुक्त र नतिजामूलक बनाई सुशासन स्थापना गर्ने नीति अवलम्वन गरिनेछ । यसका लागिः-

१. संबिधान प्रद्धत्त अधिकारक्षेत्र अनुसार कार्य गर्न सक्षम हुनको लागि काठमाडौं महानगरपालिकाको वर्तमान संगठन संरचनालाई ३ महिना भित्र ओ.एण्ड एम. सर्भे गरी नयां संरचना बनाई लागू गरिनेछ ।
२. काठमाडौं महानगरपालिकामा कार्यरत कर्मचारीहरुको पेशागत संघसंगठनको बिद्यमान संरचनालाई एकिकृत, मर्यादित, प्रभावकारी र गुणात्मक गराउन एकल युनियनको निर्वाचन यसै बर्षभित्र सम्पन्न गरिनेछ ।
३. महानगरपालिकाको सेवा प्रवाहलाई सरल, सहज, प्रतिस्पर्धि, गुणस्तरयुक्त र जवाफेदही बनाउन आवश्यक पूर्वाधारहरु निर्माणमा जोड दिईनेछ ।
४. महानगरपालिकामा लामो समयपछि जनप्रतिनिधी बहाल भएपछिको अवस्थामा अव बन्ने योजना बमोजिमको पुर्वाधारको बिकास, शहरी सुब्यवस्था र सेवा प्रवाहलाई प्रभावकारी गुणस्तरीय बनाउनको लागि हाल महानगरपालिकामा बिद्यमान भएको संगठन संरचनालाई फेरबदल गरी काम, बिशेषज्ञता, आबश्यकता र औचित्य समेतका आधारमा संगठन पुनसंरचना गरिनेछ । पुनसंरचनाको काम संगठन तथा ब्यवस्थापन सर्भेक्षण गरी अन्तिम प्रतिवेदन प्राप्त भएपछि सोही बमोजिम हुनेछ तर वडादेखि केन्द्रसम्मको सेवा प्रवाहलाई प्रभावकारी पार्न हालका कर्मचारीहरुलाई मिलान र ब्यवस्थापन गरी कामका आधारमा जिम्मेवारी तोक्ने ब्यवस्था मिलाईनेछ । यसका लागि प्राबिधिक प्रकृतिका कार्य गर्ने कर्मचारीहरु स्थायी पदपूर्ति नभएसम्मका लागि करारमा लिईने छ ।
५. कर्मचारीको क्षमता विकास, अनुशासन, वृत्ति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धि र उत्प्रेरित बनाईनेछ ।
६. संघीय तथा प्रादेशिक तहको शहरी भौतिक पूर्वाधार तथा अन्य सेवा प्रवाह सम्बन्धमा स्थानीय तह, प्रदेश र संघसँग समन्वय र सहकार्य अभिवृद्धि गरिनेछ ।
७. महानगरपालिका कर्मचारी व्यवस्थापन नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।
८. जनशक्तिको उत्प्रेरणा र क्षमता विकासका लागि स्वदेश तथा विदेशमा हुने भ्रमण तथा तालिम कार्यक्रममा सहभागी गराइनेछ ।
९. जनतासंग सिधै सम्पर्कमा आउने महानगरपालिकाका शाखाहरुमा चुस्त सेवा प्रदान गर्न र पारदर्शिता कायम गर्न ती शाखाहरुमा सिसिटिभि जडान गरिनेछ ।
१०. काठमाडौं महानगरपालिकाको संस्थागत क्षमता विकास गर्न जनप्रतिनिधिलाई अभिमुखीकरण, तालिम, गोष्ठी, अध्ययन भ्रमण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।
११. कार्यालयको अभिलेख पद्धतिलाई व्यवस्थित, छरितो र सुरक्षित बनाउनका लागि अनावश्यक कागजातहरुलाई धुल्याउने र महत्वपूर्ण अभिलेखलाई डिजिटाईजेशन गरिनेछ ।

**ठ) सूचना तथा संचार, सु-सूचित हुन पाउनु हाम्रो अधिकार**

काठमाडौं महानगरलाई स्मार्ट सिटीको रुपमा रुपान्तरण गर्न आवश्यक पूर्वाधारहरु विकास गर्ने नीति अवलम्वन गरिनेछ । यसका लागिः-

१. महानगरपालिकामा ई-गभर्नेन्स प्रणालीको विकास गर्न आवश्यक पूर्वाधारहरुको निर्माण एवं सो को प्रभावकारी सञ्चालन गरिनेछ । यसका लागि हाल कार्यान्वयनको चरणमा रहेको MARS प्रणालीलाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ ।
२. महानगरवासीलाई लक्षित गरी व्यक्तिगत परिचय समेत उल्लेख भएको महानगर स्मार्ट सिटिजन कार्डको वितरणको व्यवस्था मिलाइनेछ । यस्तो स्मार्ट कार्डको प्रयोगबाट महानगरपालिकाको सेवा, सुविधा प्राप्त गर्न सरल र सहज बनाईनेछ ।
३. महानगरीय ब्रोडव्याण्ड नेटवर्क स्थापना गरिनेछ ।
४. अर्वान यूटिलिटी व्यवस्थापन गर्न आवश्यक कार्यक्रमहरु तर्जुमा गरिनेछ ।
५. यूवाहरुका लागि लक्षित गरी ई-लाईब्रेरीको व्यवस्था गरिनेछ ।
६. महागनरपालिकाको उचित शहरी व्यवस्थापन र राजस्व प्राप्तिका लागि भौगोलिक सूचना प्रविधिमा आधारित एकीकृत महानगर सूचना प्रणाणी विकास गरिनेछ ।
७. मेट्रीक ठेगाना प्रणालीलाई अझ व्यवस्थित गरि लागू गरिनेछ ।

८. महानगरपालिकाको गतिविधि अद्यावधिक गर्न वेभसाईटलाई अपडेट गर्नुका साथै विभिन्न विषयमा गुनासो वा उजुरी दिन परेमा Mobile Application मार्फत मोबाइलबाटै उजुरी दिन सकिने व्यवस्था मिलाईनेछ ।
९. काठमाडौं प्रवेश गर्ने मुख्य नाकाहरुमा सूचना केन्द्र तथा सूचना बोर्डहरु राख्ने व्यवस्था मिलाईनेछ ।
१०. काठमाडौं महानगरको आफ्नै टेलिभिजन स्टेशन निर्माण गरी नगरबासीमा आफ्नो सूचनाहरु प्रसारणको व्यवस्था मिलाईनेछ ।
११. काठमाडौं महानगरको विभिन्न सम्पदा क्षेत्र, पार्क तथा आवश्यक क्षेत्रहरुमा अत्याधुनिक सूचना केन्द्रको स्थापना गरिनेछ ।
१२. काठमाडौं महानगरको मिडिया सेन्टरको स्थापना गरिनेछ ।
१३. महानगर क्षेत्रभित्रका महत्वपूर्ण सार्वजनिक स्थानहरुमा फ्रि वाईफाई जोन स्थापना गरिनेछ ।
१४. होर्डिङ्गबोर्डको प्रयोगको नियमलाई अद्यावधिक गर्दै नयाँ प्रविधिमा आधारित होर्डिङ्गबोर्डलाई प्रोत्साहन गरिनेछ ।
१५. महानगर क्षेत्रका ठाउँ-ठाउँमा विदेशीहरु तथा नेपालीहरुका लागि सहज रुपमा सूचना प्राप्त गर्नका लागि अत्याधुनिक सूचना केन्द्र स्थापना गरिनेछ ।
१६. महानगर क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रहरुको सूचना प्रवाहको लागि मोवाइल एप्लिकेशन तयार गरी स्वचालित रुपमा प्रवाह हुने प्रविधिको व्यवस्था गरिनेछ ।
१७. काठमाडौं महानगरपालिकाको काम कारवाहीलाई पारदर्शी रुपमा सार्वजनिक गरी सार्वजनिक परिक्षण र सरोकारवालाको पृष्ठपोषणको माध्यमवाट प्राप्त हुने सूचनालाई महत्वपूर्ण श्रोतको रुपमा लिईने छ ।
१८. मेट्रो एफ.एम., हाम्रो काठमाडौं, काठमाडौं अनलाईन, स्थानीय राजपत्र, महानगर बुलेटिन समेतको प्रकाशन प्रसारणलाई नियमित, थप प्रभावकारी र बिस्तारित गर्दै लगिनेछ ।

**ड) स्वस्थ वातावरण सहितको सुन्दर, काठमाडौं महानगर**

क्लीन द सिटी अभियानलाई कार्यक्रमको रुपमा सञ्चालन गरी शहरलाई प्रदुषणमुक्त सफा सहर बनाईने नीति अवलम्वन गरिनेछ । यसका लागिः-

१. निजी क्षेत्र समेतको सहभागितामा फोहरमैला संकलन, ढुवानी तथा अन्तिम व्यवस्थापन कार्य गरिनेछ । साथै नेपाल सरकार लगानी बोर्ड मार्फत एकिकृत फोहरमैला व्यवस्थापन कार्यलाई अघि बढाईनेछ ।
२. वायु प्रदुषण न्यूनीकरण गर्न आवश्यक नीति तर्जुमा गरी शहरका विभिन्न ठाउँमा प्रदुषण मापन गर्ने यन्त्र जडान गरिनेछ । प्रदुषणको स्तर पहिचान गरि सुधार गर्न City Certification पद्धति अवलम्वन गरिने छ ।
३. सडक सरसफाईमा आवश्यक उपकरणहरु ब्रुमर, जेट मेसिन तथा रुख रोप्ने र ट्रान्सप्लान्ट गर्ने उपकरणहरु खरीद गरी शहर सरसफाई र हरियालीका लागि आवश्यक व्यवस्था मिलाईनेछ । खुला क्षेत्र, नदि किनार, सडक किनार, सार्वजनिक जग्गा, पर्ति तथा नदि उकासका स्थलहरुमा बृक्षारोपण गरी Green City प्रवर्द्धन गरिने छ ।
४. खुल्ला पार्कहरुमा आकर्षक वगैंचा सहितको स्कल्प्चरको व्यवस्था गरिनेछ ।
५. काठमाडौं महानगर क्षेत्रभित्रका सार्वजनिक स्थानहरुमा आवश्यक संख्यामा **स्मार्ट सार्वजनिक शौचालय** (Smart Public Toilet) तथा **ईट्वाइलेटहरु** (E-Toilets) निर्माण गरिनेछ ।
६. उपत्यका भित्र बायू प्रदुषणको एउटा प्रमुख कारक सवारी साधनहरुबाट निस्कने धुँवा भएको हुनाले यस्ता प्रदुषण गर्ने सवारी साधनहरुलाई सुधार र प्रदुषण नियन्त्रण गर्न उपत्यकाको अन्य नगरपालिकाहरुसंग सहकार्य गरिनेछ । यस्तै नेपाल सरकारसंग समन्वय गरेर यस्ता सवारी साधनहरुले प्रदुषण कर बापत तिरेको करलाई प्रदुषण नियन्त्रण गर्ने कार्यका लागि उपयोग गरिनेछ ।
७. फोहरमैलालाई उत्सर्जन स्थल अर्थात घरमा नै व्यवस्थापन गर्न तथा जनस्वास्थ्यलाई सकारात्मक प्रभाव पार्न तथा समुदायमा सहयोगी तथा सामुहिकता विकास गर्न कौसी खेतीका लागि प्रोत्साहन दिईनेछ ।
८. जमिनमुनीको पानीको सन्तुलित सतह कायम गर्न रिचार्ज काठमाडौं अभियान संचालन गरिनेछ ।
९. आफ्नो फोहरको लागि आफै जिम्मेवार नभएसम्म शहर बस्तीहरु सफा नहुने तथ्यलाई मनन गर्दै स्थानीय टोलबासीहरुलाई नै फोहरको व्यवस्थापक बनाउने प्रयास स्वरुप **'सफा टोल अभियान'** संचालन गरिनेछ ।
१०. महानगरवासीको स्वच्छ पिउने पानीको अधिकारलाई सुनिश्चित गरिनेछ । पानीको अभाव भएका ठाउँमा पिउने पानी उपलब्ध गराउनु महानगरपालिकाको कर्तव्यका रुपमा लिइनेछ ।
११. मेलम्ची खानेपानी आयोजनासंग समन्वय गरी यसै वर्षदेखि महानगरवासीको घर घरमा खानेपानी पुऱ्याउने व्यवस्था गरिनेछ ।

१२. मेलम्ची बाहेक सिस्नेरी खानेपानी आयोजना तथा अन्य सम्भाव्य आयोजनाहरु प्रारम्भ गरी भविष्यमा हुनसक्ने पिउने पानीको अभाव पूर्ति गर्न दीर्घकालीन योजनाहरु प्रारम्भ गरिनेछ ।
१३. खानेपानीको तत्कालिन समस्या समाधानका लागि आकाशे पानीको समूचित व्यवस्थापन गर्न आवश्यक कार्यक्रमहरु ल्याइनेछ ।
१४. शहरी क्षेत्रको साना वन व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
१५. काठमाडौं महानगरमा भइरहेको प्रदुषणलाई नियन्त्रण गरी नो मास्क सिटीका रुपमा विकास गरिनेछ ।
१६. फोहरबाट निस्कने विभिन्न पदार्थहरुको उचित व्यवस्थापन गरिनेछ । जैविक फोहरहरुबाट वायोग्याँस उत्पादन गर्न आवश्यक प्लान्टहरुको स्थापना गरिनेछ । फोहरमा निस्कने विभिन्न पदार्थहरुको रिसाइकलिङ प्लान्टहरु स्थापना गर्न प्रोत्साहित गरिनेछ ।
१७. तरकारी तथा फलफुल बजार, वधशाला, माछा-मासुका बजारलाई आधुनिकीकरण गरी व्यवस्थित गरिनेछ ।
१८. काठमाडौं महानगरपालिका क्षेत्रभित्रका नदीनालाको सरसफाई र संरक्षणको उचित व्यवस्था गरी नदीलाई मानव सभ्यता र सौन्दर्यसँग आवद्ध गरिनेछ ।
१९. काठमाडौ महानगरलाई प्लास्टिक मुक्त शहर बनाउन सो सम्बन्धी कार्यबिधी बनाई कार्यान्वयनमा ल्याईनेछ ।
२०. वायु, जल, माटो परीक्षण गरि प्रदुषणको अवस्था पहिचान गर्न सो सम्वन्धी प्रयोगशाला निर्माण गरिनेछ ।

## ढ) सुरक्षा र विपत व्यवस्थापन आजको आवश्यकता

महानगरलाई सुरक्षित शहरको रुपमा बिकसित गर्न आवश्यक सबै पूर्वाधारको विकास गर्ने नीति अवलम्वन गरिनेछ । यसका लागिः-

१. बिपद जोखिम न्यूनीकरण गरी नागरीकलाई सुरक्षाको प्रत्याभुती गरिनेछ ।
२. दिगो पुर्वाधार बिकास प्रकृयामा बिपद् जोखिम न्यूनीकरणका अवधारणहरुलाई मुल प्रवाहीकरण गरिनेछ ।
३. आपत्कालीन कार्य संचालन संरचना बिकास गरी बिपद् व्यवस्थापनको संस्थागत क्षमता बृद्धि गरिनेछ ।
४. महानगरवासीको सुरक्षा व्यवस्था मिलाउन नगर प्रहरी, नेपाल प्रहरी र सामुदायिक संस्थासंग सहकार्य अभिबृद्धि गरिनेछ ।
५. महानगरमा भएको सार्वजनिक जग्गा, खुल्ला क्षेत्र, पार्क, मठ मन्दिर, सम्पदा, नदी, आदि सवैको तथ्यांक संकलन गरी बिपद व्यवस्थापनमा ती क्षेत्रहरुको उपयोगिताको योजना बनाइनेछ ।
६. प्रकोपबाट बच्न पूर्वतयारीमा स्थानीयबासी नै बढी सजग र सक्षम हुनुपर्ने तथ्यलाई मनन गरी यस बर्ष ३२ सै वडामा टोलस्तरमा प्रकोप सुरक्षा योजना तयार गर्ने कामको थालनी गरीनेछ ।
७. भित्री शहर तथा मोटर चल्ने सडक सञ्जाल नभएको वस्तीमा पनि विपद व्यवस्थापन गर्न टोल बिपद व्यवस्थापन योजना बनाई लागू गरिनेछ ।
८. विपद व्यवस्थापनका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसंग समन्वय गरी नगरबासीहरुलाई चाहिने चेतना अभिबृद्धि, स्रोत साधन, तालिम आदिको व्यवस्था गरिनेछ ।
९. महानगरपालिकाको पाँच क्षेत्रमा नै दमकल लगायत विपद व्यवस्थापनका लागि चाहिने उपकरणहरुको व्यवस्था मिलाईनेछ ।
१०. आगलागी भएको अवस्थामा तत्काल आगो नियन्त्रण गर्न सक्ने गरी प्रत्येक वडामा Fire Hydrant को व्यवस्था गरिनेछ ।

## ण) सक्षम न्याय प्रणाली र कानूनी व्यवस्था

छिटो, छरितो, पहुँचयोग्य र प्रभावकारी न्याय प्रणालीको विकास गर्ने नीति अवलम्वन गरिनेछ । यसका लागिः-

१. नेपालको संविधानको अनुसूची ८ र ९ अन्तर्गतका विषयका आवश्यक कानूनहरु क्रमशः निर्माण गरिनेछ ।
२. स्थानीय सरकारले अवलम्बनमा ल्याएका अन्तर्राष्ट्रिय न्याय प्रणालीको अध्ययन गरी नेपालको संविधानको क्षेत्राधिकारभित्र रही न्यायिक कार्य र विवाद समाधानका बैकल्पिक उपायहरु अवलम्वन गरिनेछ ।
३. काठमाडौं महानगरवासीलाई न्यायिक समिति मार्फत छिटो छरितो रुपमा न्याय दिनका लागि आवश्यक श्रोत, साधन र संयन्त्रको उच्च प्रबन्ध मिलाईनेछ ।
४. महानगरपालिकाको सेवा सञ्चालनसँग सम्बन्धित ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, मार्गदर्शन, दिग्दर्शन आदि तयार गरी लागू गरिनेछ ।

५. काठमाडौं महानगरपालकाले स्वीकृत गर्ने कानुनहरु तथा निर्णयहरु सर्वसाधारणको जानकारीका लागि स्थानीय राजपत्रमा प्रकाशन गर्न प्रारम्भ गरिनेछ।
६. काठमाडौं महानगरपालिकाको नीति, निर्णय, योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरी शहरी सुव्यवस्था कायम गर्न नगर प्रहरीको प्रभावकारी परिचालन गरिनेछ।
७. नगर प्रहरीको सेवालाई शसक्त र गुणस्तरीय बनाउन क्षमता बिकास, तालिम तथा श्रोत साधन उपलब्ध गराई नगर प्रहरीलाई नतिजामुलक सुरक्षा बलको रुपमा बिकास गरिनेछ।

**त) जनसंख्या, योजना तथा तथ्याङ्क**

काठमाडौं महानगरको जनसंख्याको तथ्याङ्क अध्यावधिक गरी तथ्याङ्कको आधारमा योजना तर्जुमा, अनुगमन र मूल्यांकन कार्यलाई व्यवस्थित गर्ने नीति अवलम्वन गरिनेछ। यसका लागिः-

१. काठमाडौं महानगरको गुरुयोजना तयार गर्न आवश्यक सम्पूर्ण तथ्याङ्कहरु संकलन गरिनेछ।
२. भौगोलिक सूचना प्रणालीलाई अपडेट गरिनेछ।
३. काठमाडौं महानगरमा रहेको प्रत्येक घरधुरीको विस्तृत रुपमा तथ्याङ्क राखिनेछ।
४. काठमाडौंमा रहेको पार्क, सार्वजनिक जग्गा, मठ मन्दिरहरु, विहारहरु, दाहसंस्कार गरिने क्षेत्रहरु, सम्पदाहरु, खोलानाला, नदीहरु, पोखरी, ढुंगेधारा, चोक, गल्ली आदि सवैको तथ्याङ्क संकलन गरिनेछ।
५. दीर्घकालिन, आवधिक, वार्षिक योजना, कार्यक्रम, क्षेत्रगत नीतिहरुको तर्जुमा, नीति, आयोजना तथा कार्यक्रम कार्यान्वयनको अवस्थाबारे प्रभावकारी अनुगमन र मूल्यांकनको संस्थागत व्यवस्था मिलाइनेछ।

**थ) प्रभावकारी अन्तर्राष्ट्रिय सम्बन्ध**

विश्वका विभिन्न्न राष्ट्रका महानगरहरुसंग भगिनी सम्बन्ध स्थापना र विकास गर्दै अन्तर्राष्ट्रिय सम्बन्ध विकास गरिने नीति अवलम्वन गरिनेछ । यसका लागिः-

१. काठमाडौं महानगरको विकासका लागि अन्तर्राष्ट्रिय सहयोग जुटाउन अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गरिनेछ।
२. विश्वका ठूला दातृ संस्थाहरुसंग महानगरको विकासका लागि सम्बन्ध विस्तार तथा विकास गरिनेछ।
३. नेपालको विकासका लागि महत्वपूर्ण योगदान दिन समेत तत् तत् राष्ट्र र दातृ निकायहरुसंग मजबुत सम्बन्ध कायम राखिनेछ।
४. वैदेशिक सहयोग परिचालन गर्दा आय वढाउने, रोजगारी सृजना गर्ने, वातावरण संरक्षण गर्ने र महानगरपालिकाको प्राथमिकतामा परेका आयोजना कार्यान्वयनमा जोड दिईनेछ।
५. महानगरपालिकाको लगानी आयोजना/परियोजना बैंक बनाई प्राथमिकता प्राप्त क्षेत्रमा वैदेशिक सहयोग परिचालन गर्ने नीति लिइनेछ।

**द) आर्थिक विकास उन्मूख राजस्व नीति तथा वित्तीय व्यवस्थापन**

लगानीमैत्री कर नीति ल्याइनेछ। करदातालाई प्रोत्साहन गर्ने गरी स्वैच्छिक कर बुझाउने परिपाटीको विकास गरिनेछ। कर प्रणालीलाई सरल र पारदर्शी बनाउन क्रमशः स्मार्ट करप्रणाली लागू गर्ने नीति अवलम्वन गरिनेछ। यसका लागिः-

१. नेपालको संबिधानको अनुसूची ८ मा उल्लिखित अधिकारको सूचि अन्तर्गतको स्थानीय कर (सम्पति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर) सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, बिज्ञापन कर, व्यवसाय कर, भूमि कर (मालपोत) दण्ड जरिवाना, मनोरन्जन कर समेतको दायरा फराकिलो बनाई कुनैपनि करदाता करको दायरा भन्दा बाहिर नरहने व्यवस्था मिलाईनेछ
२. आय व्यय, अभिलेखन, प्रतिवेदन तयार गर्दा लेखा मापदण्ड र कानूनी आधार तय गरी यथार्थपरक लेखा व्यवस्थापन गरिनेछ।
३. नतिजामा आधारित खर्च व्यवस्थापन र कार्यक्रम तथा बजेट पद्दतिको अवलम्बन गरिनेछ।
४. कर अभियान, राजस्व प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन र कर राजस्वमा सुधार गरिनेछ।
५. राजस्व क्षेत्रको सुधारका लागि राजस्व परामर्श समिति गठन गरी समय सापेक्ष राजस्व नीति तथा संस्थागत व्यवस्थामा सुधार ल्याईनेछ।
६. महानगरपालिकाको महत्वपूर्ण आन्तरिक श्रोतको रुपमा रहेको घरजग्गा करलाई वैज्ञानिक, सरल र तजविजी अधिकारमुक्त बनाईनेछ।

७. साविकमा नेपाल सरकार आन्तरिक राजस्व विभागले समेत संकलन गर्दै आएको घर बहाल करलाई संविधानत: काठमाडौं महानगरपालिका क्षेत्रभित्रको हकमा एकल रुपमा काठमाडौं महानगरपालिकाबाट संकलन गरिनेछ ।
८. कर राजस्व सम्बन्धी स्पष्ट कानून, कार्यविधि, मापदण्ड र संस्थागत संरचना बनाईनेछ ।
९. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखा परीक्षण र कर परीक्षण कार्यलाई थप प्रभावकारी बनाईनेछ ।
१०. उपत्यकाका अन्य नगरहरुसँग समन्वय गरी राजस्वका दरहरु एवं कर संकलनमा सहकार्यता अभिवृद्धि गरिनेछ ।
११. सबै करदाताको बिवरण डिजिटल प्रणालीमा आबद्ध गरी प्रत्येक करदाताको Kathmandu Smart Tax Payer Card को प्रयोग गर्ने प्रणालीको बिकास गरिनेछ ।
१२. काठमाडौं महानगरक्षेत्रभित्र संचालन हुनेगरी अनुमति लिने संघसंस्था एवं व्यापार व्यवसायहरु सम्वन्धित नियामक निकायहरु तथा नेपाल सरकार आन्तरिक राजस्व विभाग अर्न्तगत दर्ता नविकरण वा खारेजी हुनुपूर्व काठमाडौं महानगरपालिकामा अनिवार्य दर्ता हुनुपर्ने व्यवस्था कडाइका साथ लागू गरिनेछ ।

**ध) आर्थिक विकास र समृद्धि**

महानगर क्षेत्रलाई आर्थिक समृद्धि र अवसरका केन्द्रको रुपमा विकास गर्न वित्तीय, शैक्षिक, वाणिज्य, पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि लगानीमैत्री वातावरण बनाईनेछ । विपन्न र वेरोजगारी अन्त्य गर्ने स्थानीय आर्थिक सम्वृद्धिका नीति तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसका लागि:-

१. महानगरका विपन्न र सिमान्त परिवारको पहिचान गरी गरिवी परिचयपत्र जारी गरिनेछ । गरिवी निवारणका लागि विपन्न लक्षित क्षमता विकास कार्यक्रम सन्चालन गरिनेछ ।
२. स्थानीय उद्यमशिलता, शिप विकास र स्थानीय श्रोत साधनको उपयोगको माध्यमवाट स्थानीय उत्पादन अभिवृद्धि गरी स्थानीय आर्थिक विकासका लागि सहकारी संस्थाको दर्ता, नियमन र प्रवर्द्धन गरिनेछ । शहरी गरिवी निवारणको लागि सहकारी क्षेत्रको विकास र प्रवद्धन गरिनेछ ।
३. ठूला र अत्याधुनिक भौतिक पूर्वाधार विकास गरी शहरी सेवाको गुणस्तर र क्षेत्र विकास एवं स्थानीय तहका रोजगारी सृजना गर्न सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुपको कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।
४. महानगरपालिका क्षेत्रभित्र सञ्चालन हुने व्यापार, व्यवसाय, उद्योग दर्ता, अनुगमन र प्रबर्द्धन गरी साना तथा घरेलु उद्योग सन्चालनको उचित वातावरण मिलाईनेछ ।

काठमाडौ महानगरलाई बिगतको ऐतिहासिक, सांस्कृतिक, समुन्नत बिरासतलाई समृद्धितर्फ लैजाने, ईतिहास वर्तमान र भबिष्यसंग जोड्ने, जनताको सापेक्ष बिकासका चाहना पुरा गर्ने, काठमाडौलाई बस्न लायक शहर बनाउने, स्थानीय सरकार र स्थानीयवासी बिचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रबिधि र मौलिक पहिचानको समिश्रणवाट उत्तर-आधुनिक बिकासको खाका कोर्ने र तदनुरुपका अत्याधुनिक पूर्वाधार र संरचना तयार गरी काठमाडौंलाई सुन्दर शहर बनाउने अवसर हामीलाई प्राप्त भएको छ । यस अवसरलाई सदुपयोग गर्दै सम्पुर्ण महानगरवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिवद्ध नेतृत्व प्रदान गर्ने कार्य हामीवाट हुने नै छ ।

अन्त्यमा, स्थानीय निकायलाई संवैधानिक अधिकार सम्पन्न स्थानीय सरकारको रुपमा विकास गर्न योगदान गर्नुहुने मुख्य राजनीतिक दल, नागरिक समाज र संविधान जारी भएपछिको पहिलो स्थानीय तहको चुनाव सफल बनाउन ऐतिहासिक जिम्मेवारी वहन गर्ने राजनीतिक दल, निर्वाचन आयोग र सम्पूर्ण मतदाताप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । साथै महानगर सरकारले अघि सारेको प्रस्तुत नीति कार्यक्रम कार्यान्वयमा सहयोग पुर्‍याउन नेपाल सरकार, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ सरकार तथा निकाय, मतदाता र सम्पूर्ण बुद्धिजिवी एवं प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछौं । धन्यवाद ।

३० आषाढ, २०७४

विद्या सुन्दर शाक्य
प्रमुख